# विद्यालय शिक्षा विधेयकका सम्बन्धमा प्रमुख सचेतकसँगको अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सचिवालय
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति
सिंहदरबार, काठमाडौं
२०८१

## परिच्छेद एक
## परिचय


१.१ पृष्ठभूमि ........ १
१.२ कार्यक्रमको उद्देश्य ........ ३
१.३ कार्यक्रमको विधि तथा प्रकृया ........ ३
१.४ अध्ययनको सीमा ........ ४
१.५ प्रतिवेदनको संरचना ........ ४


## परिच्छेद दुई
## विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु


२.१ विधेयकको सामान्य परिचय ........ ५
२.२ विधेयकले समेटेका मूलभूत विषय ........ ९
२.३ विधेयकका केही प्रमुख सवाल ........ ९


## परिच्छेद तीन
## अन्तर्क्रिया कार्यक्रम सम्बन्धी जानकारी


३.१ अन्तर्क्रिया कार्यक्रमका क्रियाकलाप ........ १०
३.२ अन्तर्क्रिया कार्यक्रमका सहभागीको सुझाव ........ १०
३.३ राय सुझावको सार ........ १५


## परिच्छेद चार
## निष्कर्ष तथा सुझाव


४.१ निष्कर्ष ........ १८
४.२ सुझाव ........ १९


## अनुसूची


अनुसूची १ कार्यक्रमका सहभागी सरोकारवाला ........ २१
अनुसूची २ विज्ञको प्रस्तुतीकरणका स्लाइड ........ २२
अनुसूची ३ अन्तर्क्रिया कार्यक्रम तालिका ........ ३८
अनुसूची ४ अन्तर्क्रिया कार्यक्रमका केही झलक ........ ३९

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

विद्यालय शिक्षा कुनै पनि राष्ट्रको विकास र समाज सुधारको आधारभूत खम्बा मानिन्छ । नेपालको शैक्षिक प्रणाली लामो समयसम्म घर र गुरुकुलमा आधारित थियो। यो पूर्व भारतीय शिक्षा प्रणालीसँग मिल्दोजुल्दो थियो, जसमाध्यामिक विद्यालयद्यार्थीहरू आफ्नै घरमा वा प्रतिष्ठित पण्डितहरू वा गुरुहरूसँग अध्ययन गर्थे। नेपालमा राणा शासनको उत्तरार्द्धसम्म सिमित विद्यालय थिए र सर्वसाधारण सबैले औपचारिक शिक्षामा पहुँच पाएका थिएनन्। अझ भन्ने हो भने २००७ सालमा जहानिया राणा शासनको अन्त हुनुअघिसम्म शिक्षामा सबैलाई सहज पहुँच हुन सकेको थिएन। विद्यालयहरुको विस्तार पनि व्यापक रुपमा भएको थिएन।[१]

नेपालमाध्यामिक विद्यालयद्यालय शिक्षाले धेरै सुधार र परिवर्तनको सामना गर्दै आएको छ। २००७ सालको प्रजातन्त्रको उदयसँगै देशमा शिक्षाले गति लिन थाल्यो र योजनावद्ध विकासको शुरुवातसँगै शिक्षाले नयाँ आयाम फर्न थाल्यो भन्न सकिन्छ । विस्तारै राजनीति प्रणालीको संस्थागत विकासको क्रमसँगै शिक्षामा नयाँ नयाँ शुरुवात र प्रयोगहरु हुँदै गए र वर्तमानसम्म आइपुग्दा सबैका लागि शिक्षा, अनिवार्य शिक्षा र निःशुल्क शिक्षा भन्ने जस्ता कुराहरु नीतिगत रुपमै स्वीकार भए र शिक्षामा सबैको पहुँचलाई सहज बनाउने उपायहरुको अवलम्बन पनि हुँदै गएको पाइन्छ ।

विद्यालय शिक्षा ऐन २०७५ 'विद्यालय तहको संरचना, गुणस्तर, र व्यवस्थापन सुधारमा केन्द्रित रहेको छ । नेपालले हाल निःशुल्क र अनिवार्य शिक्षा नीति अवलम्बन गरेको छ । भूकम्प प्रभावित क्षेत्रमा नयाँ विद्यालय भवन निर्माण गरिएको छ । सोलार प्रणाली, कम्प्युटर ल्याव र विज्ञान उपकरण उपलब्ध गराउने जस्ता प्रयासहरु भएका छन् । समुदायका विपन्न, दलित, महिला, र अन्य पिछडिएका वर्गका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । डिजिटल साक्षरता प्रवर्द्धन गर्न ई-पाठ्यक्रम, स्मार्ट कक्षा जस्ता प्रयासहरु भएको पाइन्छ । अध्यापन कला सुधार गर्न राष्ट्रिय शिक्षक प्रशिक्षण केन्द्रहरू स्थापना गरिएको छ।ग्रामीण क्षेत्रका शिक्षकका लागि विशेष प्रशिक्षण कार्यक्रम संचालन भएको पाइन्छ।

नेपालको विद्यालय शिक्षा संरचनालाई पूर्व प्राथमिक शिक्षा (४ वर्ष उमेर पुरा गरेका विद्यार्थीलाई दिइने एक वर्षे शिक्षा), प्राथमिक शिक्षा (एकदेखि कक्षा ५ सम्मको शिक्षा), आधारभूत शिक्षा (प्रारम्भिक

[१] नेपालमा शिक्षा, शिक्षा महाविद्यालयको प्रकाशन विभाग, १९५६

बाल शिक्षादेखि कक्षा ८ सम्मको शिक्षा), माध्यामिक (९-१२ कक्षा) शिक्षा गरी विभाजन गरिएको छ । यसका अतिरिक्त अपाङ्गता भएका बालबालिकालाई अलग्गै समूहमा राखी विशेष शिक्षा समेत संचालन गरिएको छ ।[२] शिक्षा ऐन, २०२८ र विद्यालय शिक्षासम्बन्धी नियमावलीले यसको प्रशासन, पाठ्यक्रम, र परीक्षा पद्धतिको मापदण्ड तोकिदिएको छ।

नेपालमा हाल सामुदायिक र संस्थागत विद्यालयहरु रहेका छन्। सामुदायिक (सरकारी) विद्यालयहरूको व्यवस्थापन शिक्षा मन्त्रालयद्वारा गरिन्छ, जबकि संस्थागत विद्यालयहरू व्यक्ति वा संस्थाद्वारा सञ्चालन गरिन्छ। नेपालमा झण्डै ३५,००० विद्यालय छन्, जसमध्ये करिब ७०% विद्यालय सार्वजनिक छन्। सामुदायिक विद्यालयहरू ९०% र संस्थागत विद्यालयहरू १०% को हाराहारीमा रहेका छन् । तर परिणाम भने ठिक उल्टो रहेको छ ।

विद्यालय शिक्षाका लागि नेपालको कुल बजेटको करिब १२ प्रतिशतको हाराहारीमा लगानी रहेको छ । यति हुँदाहुँदै पनि विद्यालय शिक्षाको गुणस्तरमा अनेकौं प्रश्नहरु उठ्ने गरेका छन् । गुणस्तरमाथि प्रश्न उठ्नका विविध कारण मध्ये विद्यालय शिक्षा सम्बन्धी प्रमुख समस्याहरु नै प्रमुख कारकको रुपमा लिने गरिन्छ ।

ग्रामीण क्षेत्रका विद्यालयमा भवन, शौचालय, खानेपानीजस्ता आधारभूत भौतिक सुविधाको अभाव, प्राविधिक र डिजिटल साधनहरूको सीमितता जस्ता भौतिक समस्या, अध्ययन-अध्यापन पद्धति परम्परागत कण्ठस्थापनमा आधारित हुनु, शिक्षकहरूको अपर्याप्त प्रशिक्षण र मूल्याङ्कन प्रणालीको कमजोर हुनु जस्ता गुणस्तरीय शिक्षाको अभावजन्य समस्या, अधिकांश बालबालिका, विशेषगरी गरिब परिवारका, विद्यालय जानबाट वञ्चित हुनु, निजी र सार्वजनिक विद्यालयबीचको असमानता छ ।सम्पन्नले महङ्गो शिक्षा लिने र विपन्नले सामुदायिक विद्यालयमा शिक्षा लिने जसले गर्दा दुई प्रकारको जनशक्ति उत्पादन हुनु जस्ता आर्थिक अभावजन्य समस्या, विकट भूगोल र दुर्गम क्षेत्रका कारण ग्रामीण बालबालिकाले शिक्षामा असमान पहुँच हुनु, कतिपय दुर्गम स्थानका बालबालिकाहरु विद्यालय जान नपाउनु जस्ता भूगोल र दुरीजन्य समस्या, विशेष गरी ग्रामीण क्षेत्रमा छात्रा विद्यार्थीका लागि नियमित विद्यालय जान कठिन हुनु जस्ता लैङ्गिकजन्य समस्याहरु टड्कारो रुपमा रहेका छन्।

त्यसैगरी विद्यालय शिक्षा अनेकौं चुनौतीले जकडिएको छ । बदलिंदो विश्व सन्दर्भ अनुसार नेपाली विद्यालय शिक्षालाई प्राविधिक र डिजिटल रूप दिनुपर्ने, बहुभाषिक समाजमा शिक्षा सबैलाई उपलब्ध गराउन शिक्षा माध्यमलाई स्थानीय भाषाहरूसँग सामन्जस्य गराउनुपर्ने, शिक्षा नीतिहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहेको पाइन्छ। बनेका नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन

[२] विद्यालय शिक्षा ऐन, २०२८

गराउनु, दीर्घकालीन सेवा सुरक्षाका कारण योग्य शिक्षकहरूको अभावलाई पूर्ति गराउने, विद्यालय व्यवस्थापनमा अभिभावक, समुदायका अगुवा र विद्यार्थीहरूलाई सक्रिय रूपमा संलग्न गराउने जस्ता केही प्रमुख चुनौतीहरु समेत रहेका छन् ।

उल्लेखित समस्या तथा चुनौतीलाई संवोधन गर्ने अभिप्रायले सरकारले विद्यालय शिक्षाको सुधार र प्रवर्द्धनका लागि विभिन्न पहलहरू गर्दै आएको पाइन्छ ।

यसका अतिरिक्त मुलुक संघीयतामा गएपश्चात संघिय संरचना र अधिकार सूची वमोजिम नै विद्यालय शिक्षामा सुधार गरिनु पर्ने अवस्थालाई मध्यनजर गरी नेपाल सरकारबाट प्रतिनिधि सभामाध्यामिक विद्यालयद्यालय शिक्षा विधेयक, २०८० दर्ता हुन आएको र उक्त विधेयक हाल शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलको क्रममा रहेको छ। विद्यालय शिक्षा क्षेत्रमा रहेका अनेकौं समस्याको समाधान गरी शिक्षा क्षेत्रमा नयाँ परिवेश सिर्जना गर्ने उद्देश्यले ल्याएको उक्त विधेयकले केही विषयहरु उठान गरेको छ । उक्त विषयहरु राजनीतिक दलहरुबीच साझा धारणा बनाउन प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकहरुसँग छलफल गरी राय सुझाव लिएर मात्र समाधान गर्न सकिने समितिको ठहर वमोजिम समितिले २०८१ मंसिर २६ गते प्रमुख सचेतकहरुसँग विद्यालय शिक्षा विधेयकका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

### १.२ कार्यक्रमको उद्देश्य

विद्यालय शिक्षा विधेयका सम्बन्धमा दलहरुको धारणा बुझी दफावार छलफलको क्रममा त्यस्ता सुझावलाई समेट्ने कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । यसका अतिरिक्त अन्तरक्रिया कार्यक्रम सम्बन्धी अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्

- विद्यालय शिक्षाको समग्र सुधारका लागि चालिनुपर्ने कदमहरुको बारेमा जानकारी लिई समितिले त्यस्ता विषयका सम्बन्धमा आगामी दिन कार्य गर्ने।

### १.३ कार्यक्रमको विधि तथा प्रकृया

कार्यपत्र प्रस्तुती र सामूहिक छलफल तथा विधेयकका सम्वन्धमा सहभागीहरुबाट राय सुझाव विचार, सुझाव एवं जिज्ञासा प्राप्त गर्नेगरी तय भएको उक्त कार्यक्रम मुख्यतः छलफल विधिमा आधारित थियो । कार्यपत्र मार्फत विधेयकका अन्तरवस्तुबारे जानकारी गराई सुझाव प्राप्त गर्ने प्रकृया अपनाइएको थियो भने सहभागीहरुले विद्यालय शिक्षा विधेयकका प्रावधानमा आफ्ना टिप्पणी राख्दै अव विद्यालय शिक्षाका लागि के कस्तो सुधार गरिनुपर्छ र विद्यमान विधेयकमा के परिमार्जन गरिनुपर्छ भन्ने सन्दर्भमा सहभागीहरुबाट धारणाहरु राख्ने प्रकृया अपनाइएको थियो ।

## १.४ सीमा

यो प्रतिवेदन सहभागीहरुबाट प्राप्त हुन आएका विचार, दृष्टिकोण तथा राय सुझावमा आधारित भई तयार पारिएको छ । यो प्रतिवेदनले संसदमा प्रतिनिधित्व गर्ने सबै जनप्रतिनिधिलाई सहभागी गराएर सामूहिक धारणा बनाउन सम्भव भएको छैन । यद्दपि दलका प्रमुख सचेतकहरुले दलको प्रतिनिधित्व गर्ने हुँदा सबै दलको धारणा हुने भन्ने मान्यतालाई आधार बनाइएको छ । यो प्रतिवेदनमा छलफलमा उपस्थित सहभागीहरुबाट आएका राय सुझावमा मात्र आधारित रही निष्कर्ष निकालिएको छ ।

## १.५ प्रतिवेदनको संरचना

यो प्रतिवेदन चार परिच्छेद विभाजित छ । पहिलो परिच्छेदमा परिचय, दोस्रोमा ध्यामिक विद्यालय शिक्षा विधेयकको बारेमा, तेस्रो परिच्छेदमा कार्यक्रमको विस्तृतीकरण, परिच्छेद चारमा निष्कर्ष तथा सुझाव समावेश गरिएको छ र अन्तमा केही अनुसूचीहरु समेत समावेश गरिएका छन् ।

## परिच्छेद दुई

## विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु

### २.१ विधेयकको सामान्य परिचय

विद्यालय शिक्षा विधेयक, २०८० प्रतिनिधि सभामा २०८० भदौ २७ दर्ता भएको थियो । उक्त विधेयक सभाबाट २०८० असोज २५ मा समितिमा दफावार छलफलका लागि पठाउने निर्णय भएतापनि विधेयकका सम्बन्धमा प्राप्त संशोधनहरुलाई एकीकृत गरी समितिमा २०८० मंसिर १४ मा प्राप्त भएको थियो । उक्त विधेयकमा १६३ वटा दफा रहेका छन् । ती दफाहरु उपर प्रतिनिधि सभाका १५२ समूहका सदस्यहरुले १७५८ वटा बुँदा संशोधन प्रस्ताव दर्ता गराउनु भएको छ। नेपालको इतिहासमा हालसम्मकै सबैभन्दा धेरै संशोधनकर्ता र संशोधनका बुँदा भएको विधेयकको रुपमा यो विधेयक रहेको छ ।

### २.२ विधेयकले समेटेका मूलभूत विषय

- विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयकको मूल मर्म रहेको छ ।
- स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गर्नुपर्ने
- निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने
- सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय मापदण्डको अधीनमा रही खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- माध्यमिक तहमा प्राविधिक शिक्षा, साधारण शिक्षा र परम्परागत शिक्षाका धार (स्ट्रीम) मा पढाइ हुन सक्ने

- शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अङ्ग्रेजी हुन सक्ने
- शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्ने
- नेपालस्थित कूटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः
- विद्यालयमा एउटा विद्यालय कोष रहने र रकम प्राप्त हुने स्रोतहरु खुलाइएको
- सार्वजनिक विद्यालयको प्रधानाध्यापकको छनोटका लागि जिल्ला स्थित शिक्षा कार्यालयको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको एक छनोट समिति रहने र छनोट समितिका सदस्यमध्ये वरिष्ठ कर्मचारीले छनोट समितिको संयोजक भई काम गर्ने
- स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा, पाठ्यक्रम संरचना, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न एक राष्ट्रिय पाठ्यक्रम परिषद् रहने
- विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने
- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ

- सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवाको गठन हुने र कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण,र कक्षा ६ देखि कक्षा आठसम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत परीक्षा लिने
- सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन गरिने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहने
- यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्ने
- विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूमात्र र बाँकी पचास प्रतिशत पदमा समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने
- शिक्षक पदमा नियुक्तिका लागि योग्यता निर्धारण गरिएको
- स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा शिक्षक सरुवा गर्न सक्ने
- सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्ने
- एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म कार्यरत आधारभूत वा माध्यमिक तहको द्वितीय श्रेणी वा सोभन्दा मुनिका स्थायी शिक्षक उमेर हदका कारण अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको लागि विभिन्न आचरणहरुको व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको विभागीय कारबाही र सजाय सम्बन्धी व्यवस्था गरिएको

- सार्वजनिक विद्यालयका शिक्षकको अवकाश, उपदान र निवृत्तभरण
- कुनै शिक्षक शारीरिक अस्वस्थता वा मानसिक रोगको कारण विद्यालयमा अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी अवकाश दिन सकिने विशेष व्यवस्था गरिएको
- ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम  विद्यालय कर्मचारीको दरबन्दी रहने र शिक्षक सेवा आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्ने
- सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने
- सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व निर्धारण गरिएको
- आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन नपाउने
- निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय तहबाट स्वीकृत गराई लागू गरेको विनियम बमोजिम हुने
- सार्वजनिक शैक्षिक गुठीका विद्यालय वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा सार्वजनिक विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित विद्यालय आफैंले व्यहोर्नु पर्ने
- नेपाल सरकारले प्रत्येक वर्ष बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी सङ्ख्या, स्वीकृत शिक्षक दरबन्दी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको लागि सशर्त र विशेष अनुदान रकम उपलब्ध गराउने

- सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने वा विद्यालयको शैक्षिक प्रशासनिक कार्यमा बाहेक अन्य कुनै कार्यमा लगाउन नपाउने व्यवस्था
- नेपालभर स्थापना भई सञ्चालनमा रहेका विद्यालय र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राष्ट्रिय शिक्षक किताबखानामा रहने
- विद्यालयका शिक्षकको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने व्यवस्था
- शिक्षा ऐन, २०२८ खारेजको प्रस्ताव गरेको

## २.३ विधेयकका केही प्रमुख सवाल

- निजी विद्यालयको व्यवस्थापन गर्दै निःशुल्क शिक्षा नीतिको कार्यान्वयन गर्ने विषय
- स्थानीय सरकारको संवैधानिक क्षेत्राधिकार कायम राख्दै शिक्षकसँगको नेपाल सरकारले गरेको सम्झौताको कार्यान्वयनको विषय
- शिक्षकहरुको स्वामित्व (नियुक्ति , सरुवा तथा परिचालन र व्यवस्थापन) गर्ने विषय
- शिक्षकहरुलाई दलीकरणबाट मुक्त गर्ने विषय
- कोटा, करार, राहत लगायतका अनेकौं अस्थायी शिक्षकहरुको व्यवस्थापन गर्ने विषय
- विद्यार्थी कम भएका विद्यालयहरुको मर्जिङ्ग सम्बन्धी विषय
- शिक्षालाई गुणस्तरीय, शिपमूलक बनाई रोजगारमा आधारित बनाउने विषय
- विद्यार्थी बढी भएका तर दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षक दरबन्दीको व्यवस्था मिलाउने विषय
- विषयगत शिक्षकको व्यवस्थापन गर्ने विषय
- प्राविधिक शिक्षालाई जोड दिई स्थानीयस्तरमा जोड्ने विषय
- विद्यालय शिक्षाको मोडल निर्धारण गर्ने विषय
- शिक्षकको मर्यादा र सेवा सुविधाको व्यवस्थापन सम्बन्धी विषय ।

# परिच्छेद तीन
# अन्तर्क्रिया कार्यक्रम सम्बन्धी जानकारी

## ३.१ अन्तर्क्रिया कार्यक्रमका क्रियाकलाप

प्रमुख सचेतकहरुसँग विद्यालय शिक्षा विधेयक सम्बन्धी भएको अन्तर्क्रिया कार्यक्रममा समितिका सभापतिले सभापतित्व गर्नुभएको थियो । कार्यक्रमको औचित्य र उद्देश्यमाथि समितिका माननीय सदस्य देवेन्द्र पौडेलले प्रकाश पार्नु भएको थियो भने कार्यक्रमको सञ्चालन समितिका सचिव दशरथ धमलाले गर्नु भएको थियो । विधेयकका अन्तरवस्तुबारे शिक्षाविद् प्रा. डा. बालचन्द्र लुइटेलले प्रस्तुती गर्नु भएको थियो । प्रस्तुतीलाई अनुसूची २ मा समावेश गरिएको छ । त्यसपछि कार्यक्रममा सहभागी प्रमुख सचेतकहरुहरुले विधेयकको सम्बन्धमा राय सुझाव प्रस्तुत गर्नुभएको थियो । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी कार्यक्रम तालिका अनुसूची ३ मा समावेश गरिएको छ । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी केही झलकहरु अनुसूची ४ मा समावेश गरिएको छ ।

## ३.२ अन्तर्क्रिया कार्यक्रमका सहभागीको सुझाव

अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुले प्रस्तुत गर्नु भएका राय सुझावहरु निम्नानुसार रहेका थिएः

**मा. योगेश भट्टराई, नेकपा एमाले**

- संविधानसम्मत तरिकाले विधेयकमा अन्तरवस्तु टुङ्गयाइनुपर्ने
- तीन तहको अधिकार भएको विद्यालय शिक्षा स्थानीय तहको मात्र एकाधिकारको विषय नरहेको
- अनुसन्धान तथा व्यवस्थापन संघ र प्रदेशले गर्नुपर्ने
- निजी विद्यालयको बारेमा extreme बन्न नहुने
- अबको ऐनले emotional भन्दा पनि वास्तविक धरातलबाट निर्देशित गरिनुपर्ने
- करिब १० हजार निजी स्कुल संचालनमा रहेका तथा धेरै जनशक्तिको लागि रोजगारी सिर्जना भएको कुरालाई नजरअन्दाज गर्न नसकिने
- सामुदायिक विद्यालयको क्षमता वृद्धि गरेमा स्वतः त्यसमा आकर्षण बढ्ने अवस्था हुने हुँदा सामुदायिक विद्यालयको क्षमता बढाउनु आवश्यक
- विद्यालयप्रति समुदायको दायित्व ऐनमा स्पष्ट हुनुपर्ने

- निजी र सामुदायिक विद्यालय सहकार्यमा mechanism develop गर्न सके मित्रतापूर्ण वातावरण सिर्जना हुन सक्थ्यो
- विद्यालय, शिक्षक र अभिभावक एक ठाँउ बसेर काम गर्ने platform develop हुनुपर्ने
- ECD लाई प्राथमिकतामा राख्नुपर्ने
- राम्रो, तालिमप्राप्त, socialize हुनसक्ने शिक्षकलाई जोड दिनुपर्ने
- जननिर्वाचित वा प्रधानाध्यापकको leadership हुने model ल्याउन सकिने
- विद्यालय Merger कसरी गर्ने modality यो ऐनले दिनुपर्ने । mapping गरेर merging गर्नुपर्ने
- Migration को कारण Demographic trend डरलाग्दो रहेकोले शिक्षा र जनसंख्यामा बीचको सम्बन्धको विश्लेषण गरी विधेयकमा समस्या समाधानका प्रावधानहरु संवोधन गरिनुपर्ने
- Fresh शिक्षक ल्याउन अवसर प्रदान गर्ने
- आर्थिक दायित्व सरकारको भएपनि अभिभावकको दायित्व समाजवाद उन्मुख हुनुपर्ने
- हुनेबाट लिने विधि अपनाउनुपर्ने
- विद्यालय सञ्चालन र व्यवस्थापन कोष बनाउन सकिने
- तीन तहको सरकारले funding गर्न सकिने प्रावधान राख्ने
- तल्लो तहको अनुदान बढाउँदै जानुपर्ने माथिल्लो तहमा घटाउँदा dependency घटने
- CTEVT को तालिम विद्यालयको नियमित कोर्षमा राख्न सकिने
- १० कक्षाको SEE १२ मै राख्न उचित हुने
- ८ कक्षाको परीक्षा पालिकास्तर मै राख्न उचित हुने
- विज्ञ mobile शिक्षक custer बनाएर फरक फरक विद्यालयमा पठाउने व्यवस्था गर्ने
- १२ कक्षा पछि आफ्नो खर्च आफैले जुटाउन सक्ने बनाउनुपर्ने
- विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न सक्ने कोर्ष चाहिने
- अनुसन्धानमुलक पाठ्यक्रम चाहिने

**मा. श्याम कुमार घिमिरे, प्रमुख सचेतक, नेपाली काँग्रेस**

- यो विधेयकलाई यो अधिवेशनबाट ऐन बनाउन बाध्यता छ
- २८% निजी क्षेत्रले ओगटेकोले निजी विद्यालयको योगदानलाई वेवास्ता गर्न नमिल्ने
- नेपालको निजी क्षेत्रलाई प्राथमिकता दिएरै जाने सबै दलको धारणा रहेको पाइन्छ

- देशको अर्थतन्त्रले धान्ने र संविधानले जान्ने कुरा हुनुपर्ने
- Christian Machinery का स्कुल जति खुले खुले अब खोल्न दिनु हुँदैन
- हाल चालु रहेका निजी विद्यालयलाई बन्द नगरी सामुदायिक विद्यालयलाई competent बनाउनुपर्ने
- सक्नेले तिर्ने, नसक्नेलाई निःशुल्क गर्नुपर्ने
- सम्पूर्ण रुपले श्रोत व्यवस्थापन राज्यले मात्र गर्न सक्दैन, त्यसको व्यवस्थापनको जिम्मा स्थानीयलाई दिनुपर्ने
- अव जुनसुकै शिक्षकको छनोट शिक्षक सेवा आयोगबाबाटै गरिनुपर्छ ।
- भावनात्मक भएर स्थानीयलाई extreme power दिइसकियो, अब निःशुल्क भन्ने शब्द हटाउनुपर्ने
- आधारभूत शिक्षा ८ सम्म ठिकै छ, ८ पछि सीपमुलक प्राविधिक शिक्षामा जोड दिनुपर्ने
- शिक्षकलाई राजनीतिकरण गर्न बन्द गर्नुपर्ने तर पेशागत अधिकारका लागि ट्रेड युनियन कायमै राख्नुपर्ने
- १२ सम्म Faculty बनाउन नहुने
- शिक्षकलाई स्वतः स्थायी बनाउन हुँदैन,
- विद्यालय शिक्षामा पालिकालाई बढी जिम्मेबार बनाउनुपर्ने
- आवासीय विद्यालयमा जोड दिनुपर्ने
- मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन आवश्यक रहेको
- १२ सम्मको अध्ययन पश्चात Training लिएर मात्र कुनै पनि काम गर्ने व्यवस्था मिलाउनुपर्ने
- प्रध्यानाध्यापकको अलग्गै दरवन्दी बनाउनुपर्ने र छुट्टै exam हुनुपर्ने
- वडाअध्यक्षलाई व्यवस्थापन समितिको प्रमुख बनाउन उपयुक्त हुने
- Head master बाट जिल्ला शिक्षा अधिकारी हुने अभ्यास रहेको र यो अभ्यासलाई निरन्तरता दिँदा राम्रो हुने
- ९ कक्षाबाट सीपमा आधारित पाठ्यक्रम हुनुपर्ने
- CTEVT विश्वविद्यालय बनाउने नभई सीप नै develop गर्ने भएकोले सोही अनुसार हुनुपर्ने
- SEE परिक्षा आवश्यक रहेको
- १२ कक्षा पछि पनि बोर्ड हुन आवश्यक

- धेरै विद्यार्थी medical, engineering पढ्न विदेशिएको र धेरै पैसा विदेशिएको हुँदा स्वदेशमा पढाइ सहज गराउने वातावरण बनाउने

**मा. हितराज पाण्डे, प्रमुख सचेतक, नेकपा माओवादी केन्द्र**

- प्रदेश तहमा गएर सल्लाह सुझाव लिन आग्रह
- सैद्धान्तिक कुरा नगरेर ठोस कुरामा लाग्नुपर्ने
- विद्यालय शिक्षालाई सबैको अपनत्व हुनेगरी परिमार्जन गर्ने
- विद्यार्थीको हितलाई ध्यानमा राख्ने
- गुणस्तर कायम गर्न अनुगमन प्रभावकारी बनाउनुपर्ने
- शिक्षकका सवालहरुलाई संवोधन गर्नुपर्ने

**मा. सन्तोष परियार, प्रमुख सचेतक, राष्ट्रिय स्वतन्त्र पार्टी**

- संविधानले एउटा व्यवस्था गर्ने तर अर्को कुरा खोज्न नहुने । तसर्थ विद्यालय शिक्षा पालिकाहरुले नै अभ्यास गर्नुपर्ने
- विधेयकमा शिक्षकको मात्र कुरा बढी भएकोले शिक्षाको विषयमा केन्द्रित बनाउनु आवश्यक
- विद्यालय तहको शिक्षा निःशुल्क नै हुनुपर्ने
- शिक्षा, स्वास्थ्य, समाजवाद, समावेशी, लैङ्गिक sensitivity, शिक्षाबाटै आउने
- समाजको hierarchy आउन दिनु नहुने
- शिक्षा निःशुल्क गर्ने कामको सुरुवात हुनुपर्ने
- जिम्मेवार नागरिक उत्पादन गर्न आवश्यक भएको ।

**माननीय ज्ञानेन्द्र शाही, प्रमुख सचेतक, राष्ट्रिय प्रजातन्त्र पार्टी**

- सबै राष्ट्रसेवकले आफ्ना सन्तान सरकारी विद्यालयमा पढाउनु पर्ने
- शिक्षा क्षेत्रमा राजनीतिकरण भएकोले अव बन्द गरिनुपर्ने
- निजी विद्यालय बन्द नगरिकन दुवै निजी तथा सरकारी विद्यालयमा एउटै पाठ्यक्रम हुनुपर्ने
- गुणस्तरीय सुधारका लागि पेशागत संगठन आवश्यक नभएको

- निजी विद्यालय पूरै व्यावसायिक भएकोले राज्यले सो क्षेत्रमा २०% भन्दा कम नहुने गरी कर लगाउनुपर्ने र सो करबाट उठेको रकम छुट्टै कोष निर्माण गरी गरिब तथा जेहेन्दार विद्यार्थीमा प्रयोग गर्नुपर्ने
- आवश्यक भएको खण्डमा शिक्षकको तलब वृद्धि गर्ने तर यदि ५१% विद्यार्थी परीक्षामा पास नगरे शिक्षकलाई जागिरबाट निलम्बन हुनुपर्ने
- विद्यमान पाठ्यक्रम काम नलाग्ने भएकोले नयाँ पाठ्यक्रम निर्माण गर्नुपर्ने
- शिक्षाजस्तो संवेदनशील कुरा स्थानीय तहलाई दिन नहुने । संविधान संशोधन गरेर भएपनि यसलाई सुधार गर्नुपर्ने
- मस्तिष्कको विकास १० देखि १८ वर्षमा हुने भएकोले समयमै शिक्षा प्रदान गर्नुपर्ने
- विद्यार्थीको क्षमता र उत्सुकताका आधारमा ग्रेडिङ गरी प्रमाणपत्र प्रदान गर्ने र स्वेच्छाका आधारमा अनौपचारिक शिक्षा (सिकर्मी, डकर्मी आदि) मा जोड दिनुपर्ने
- शिक्षक सेवा आयोगलाई निष्पक्ष र तटस्थ बनाई प्रभावकारी बनाउनुपर्ने

**माननीय सदस्य रेखा यादव, जनता समाजवादी पार्टी नेपाल**

- विविध जात, धर्मप्रति अझै पनि नकारात्मक भावना व्याप्त रहेको जस्तो देखिएकोले त्यस प्रकारका विद्यालयको अवस्था दयनीय छन्, यसमा परिवर्तन ल्याउने प्रावधान समावेश गरिनु आवश्यक
- भोको पेटले शिक्षा लिन नसकिने हुँदा विद्यार्थीलाई पुग्ने खाजाको व्यवस्था गरिनुपर्ने
- राजनीतिकरणबाट शिक्षालाई मुक्त गरिनुपर्ने
- कम गुणस्तरका शिक्षकबाट उत्पादित विद्यार्थी कस्तो होला भन्ने विषय सोचनीय रहेकोले उच्च क्षमतायुक्त शिक्षक चयन विधि तय गर्नुपर्ने
- शिक्षाको कोर्ष सबैतिर एकै हुनुपर्ने
- शिक्षा सामग्रीमा समानता हुनुपर्ने
- विपन्न र दलितको लागि आवसीय हुनुपर्ने
- कोर्षमा इतिहास र नैतिक शिक्षालाई समावेश गरिनुपर्ने
- TU मा Research को व्यवस्था गरी विद्यालय शिक्षामा आवद्द गरिनुपर्ने
- गाउँघरमा विद्यार्थीभन्दा शिक्षक बढीले विद्यालय मर्ज गरिनुपर्ने
- सातै प्रदेशलाई संलग्न गराएर धारणा लिनुपर्ने

**माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई**

- सरकारले मस्यौदा तयार गरेर दिएकोले अव समृद्द गर्ने जिम्मेवारी संसदकै रहेको
- संविधानको मर्मलाई सोही तवरले बुझ्नुपर्ने
- अनिवार्य तथा नि:शुल्क Theme मा मात्र रहेकोले यसको परिभाषा प्रष्ट गरिनुपर्ने
- तीनै तहले शिक्षामा कति लगानी गर्ने भनेर स्पष्ट हुनुपर्ने
- हरेक पालिकासँग शिक्षा योजना हुनुपर्ने
- निजीले १०% छात्रवृत्ति दिने गरेको हालको व्यवस्थामा परिमार्जन गरी ५०० सम्म विद्यार्थी भएको विद्यालयले १०%, ८०० सम्म विद्यार्थी भएको १२% र १००० भन्दा माथि विद्यार्थी भए विद्यालयले १५% छात्रवृत्ति दिने व्यवस्था गर्ने
- देशभर एकै प्रकारको पाठ्यक्रम बनाएर Reference Books को नाममा अर्कै पाठ्यसामाग्री पढाएको सम्बन्धमा प्रभावकारी नियमन हुनुपर्ने
- संस्थागत विद्यालयमा शक्तिको समर्थन रहेकोमा शक्तिविहीन सामुदायिक विद्यालयलाई ऐनले सम्बोधन गर्नुपर्ने
- National Integrity लाई विधेयकले सम्बोधन गर्नुपर्ने
- प्राविधिक शिक्षा सबै प्रदेशमा लागु हुनु आवश्यक
- शिक्षा सम्बन्धी हालसम्मका नीति, कानुनको पनि Monitoring हुन आवश्यक

## ३.३ राय सुझावको सार

अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरुलाई संक्षेमा निम्नानुसार शीर्षकगत रुपमा बर्गीकरण गरी सारमा हेर्न सकिन्छः

**विद्यालय शिक्षा व्यवस्थापन र अधिकारको सन्तुलन**

- विद्यालय शिक्षाको व्यवस्थापन संघ, प्रदेश, र स्थानीय तहबीच समन्वयात्मक रूपमा हुनु आवश्यक
- विद्यालय शिक्षा पूर्ण रूपमा स्थानीय तहको एकाधिकारको विषय होइन, साझा अधिकारको विषयको रुपमा हेरिनुपर्ने
- अनुसन्धान तथा व्यवस्थापनमा संघ र प्रदेशको भूमिका सुनिश्चित गर्दै अघि बढ्नुपर्ने

**निजी तथा सामुदायिक विद्यालयबीच सन्तुलन र सहकार्य**

- निजी विद्यालयहरूलाई पूर्ण रूपमा व्यावसायिक मात्र नहुने, तर तिनको नियमन आवश्यक
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिएमा विद्यार्थीको आकर्षण बढ्ने र निजी विद्यालय स्वतः विस्थापित हुँदै जाने
- निजी तथा सामुदायिक विद्यालयबीच सहकार्यका लागि उपयुक्त संयन्त्र विकास गर्न आवश्यक
- निजी विद्यालयहरूले छात्रवृत्ति व्यवस्थामा सुधार गर्दै सामाजिक उत्तरदायित्व बढाउनु पर्ने

**शिक्षाको गुणस्तर सुधार र शिक्षक व्यवस्थापन**

- विद्यालय शिक्षाको सुधारका लागि शिक्षकहरूको योग्यता, सीप, र प्रशिक्षणमा विशेष ध्यान दिनुपर्ने
- शिक्षकको छनोट प्रक्रिया निष्पक्ष बनाउन शिक्षक सेवा आयोगलाई प्रभावकारी बनाउनुपर्ने
- शिक्षकलाई स्वतः स्थायी बनाउने प्रवृत्तिलाई हटाएर तिनको दक्षता मूल्यांकन गर्नुपर्ने
- शिक्षकका दलगत संगठन खारेज गरी शिक्षकको पेशागत संगठनको भूमिका शिक्षाको गुणस्तर सुधारमा केन्द्रित गरिनुपर्ने

**पाठ्यक्रम सुधार र व्यावसायिक तथा सीपमूलक शिक्षा**

- वर्तमान पाठ्यक्रम यथार्थपरक र अनुसन्धानमुखी हुन आवश्यक
- CTEVT मार्फत व्यावसायिक शिक्षा प्रवर्द्धन गरी विद्यालय तहदेखि नै सीपमूलक शिक्षा दिनुपर्ने
- ९ कक्षा देखि नै सीपमा आधारित पाठ्यक्रम समावेश गर्नुपर्ने
- १० कक्षाको SEE परीक्षालाई १२ कक्षामा हुनुपर्ने।

**वित्तीय स्रोत व्यवस्थापन र शिक्षा लगानीको दीर्घकालीन रणनीति**

- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि कोष निर्माणको अवधारणा लागू गर्नुपर्ने
- तीन तहका सरकारले शिक्षा क्षेत्रमा उचित लगानी सुनिश्चित गर्नुपर्ने
- हुनेबाट लिने र नसक्नेलाई निःशुल्क शिक्षाको अवधारणा लागू गर्नुपर्ने

- तल्लो तहको सरकारको अनुदान वृद्धि गर्दै माथिल्लो तहमा निर्भरता घटाउनु आवश्यक

**समावेशी शिक्षा र सामाजिक न्याय**

- विपन्न, दलित, तथा सीमान्तकृत समुदायका विद्यार्थीका लागि विशेष शैक्षिक कार्यक्रम लागू गर्नुपर्ने
- लैंगिक समावेशिता तथा समाजिक न्यायलाई प्राथमिकता दिँदै शिक्षा प्रणाली सुधार गर्नुपर्ने
- आवासीय विद्यालयको विस्तार गरी पहुँचविहीन विद्यार्थीलाई शिक्षामा सहभागी गराउने
- सबै विद्यालयमा समान पाठ्यक्रम लागू गर्दै वैकल्पिक पाठ्यसामग्रीको नियमन गर्नुपर्ने

**शिक्षामा प्रविधि र नवीन सुधारका पहल**

- शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै डिजिटल शिक्षालाई प्रवर्द्धन गर्नुपर्ने
- अनुसन्धानमुखी शिक्षा प्रणालीलाई विद्यालय तहदेखि नै प्रवर्द्धन गर्न आवश्यक
- शिक्षाका विषयहरूमा राष्ट्रिय ऐक्यबद्धता र समन्वय कायम गर्दै अगाडि बढ्नुपर्ने

**विधेयकको सम्बन्धमा संसदीय दायित्व**

- विधेयक शिघ्रातिशिघ्र छलफल गरी पारित गरिनुपर्ने
- शिक्षा सुधारसम्बन्धी नीति तथा कानुनहरूको प्रभावकारी अनुगमन आवश्यक
- शिक्षा नीति, कार्यक्रम, र कानुनी व्यवस्थाहरूको समुचित कार्यान्वयन गरी विद्यालय शिक्षा सुधार गर्नुपर्ने ।

# परिच्छेद चार

# निष्कर्ष तथा सुझाव

## ४.१ निष्कर्ष

विद्यालय शिक्षा सम्बन्धी विधेयकलाई संविधानको मर्मअनुसार परिमार्जन गर्दै व्यवहारिक, समावेशी, तथा दूरदर्शी बनाउन आवश्यक देखिन्छ। शिक्षा व्यवस्थापन संघ, प्रदेश, र स्थानीय तहबीच सन्तुलन कायम गर्दै, निजी तथा सामुदायिक विद्यालयबीच सहकार्यलाई प्रवर्द्धन गर्ने दिशामा नीतिहरू बनाउन जरुरी छ।

सामुदायिक विद्यालयको सशक्तीकरण, गुणस्तर अभिवृद्धि र आकर्षण बढाउन सरकारको लगानी र अभिभावकको दायित्व सुनिश्चित गर्नुपर्ने देखिन्छ। निजी विद्यालयहरूको योगदानलाई वेवास्ता नगरिकन तिनको नियमन र सामाजिक उत्तरदायित्व बढाउने उपायहरू अपनाउनु आवश्यक छ। साथै, विद्यालय शिक्षामा सीपमूलक र अनुसन्धानमुखी पाठ्यक्रमलाई प्राथमिकता दिँदै, शिक्षाले समाजवाद उन्मुख अर्थतन्त्रको मार्ग प्रशस्त गर्नुपर्ने देखिन्छ।

शिक्षक चयन प्रक्रियालाई निष्पक्ष, गुणस्तरीय, तथा राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्ने र स्थानीय तहलाई बढी जिम्मेवार बनाउने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ। शिक्षामा पहुँच र समावेशितालाई बल दिने उद्देश्यले विपन्न, दलित, तथा विविध जातीय समुदायका विद्यार्थीहरूलाई विशेष अवसर प्रदान गर्नुपर्छ।

विधेयकलाई प्रभावकारी बनाउन हालसम्मका शिक्षा नीतिहरूको अनुगमन गर्दै, राष्ट्रिय एकता, सामाजिक न्याय, तथा समावेशी शिक्षाको आधारशिला निर्माण गर्नुपर्छ। अन्ततः, शिक्षालाई आधुनिक प्रविधिसँग समाहित गर्दै, प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न आवश्यक पाठ्यक्रम विकास र कार्यान्वयन गर्नु आजको अपरिहार्य आवश्यकता हो।

विद्यालय शिक्षासम्बन्धी प्रस्तावित विधेयकले शिक्षाको समावेशी, पहुँचयोग्य र गुणस्तरीय संरचना निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। सुझाव र धारणाहरूले विधेयकलाई नीतिगत स्पष्टता, शिक्षण प्रक्रियामा नवीनता, शिक्षक व्यवस्थापनमा सुधार र प्रदेश तथा स्थानीय तहसँगको समन्वयात्मक भूमिका निर्धारण गर्न मद्दत पुर्याउने देखिन्छ। विधेयकले प्राविधिक र सीपमूलक शिक्षा, विद्यालय जोनिङ्ग, र सामुदायिक तथा निजी विद्यालयबीच सहकार्यलाई प्रोत्साहन गर्ने माध्यम प्रस्तुत गरेको छ। तर यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्ययोजना, स्रोत व्यवस्थापन, र निरीक्षण प्रणाली थप

मजबुत बनाउनुपर्ने आवश्यकता छ। विधेयक माथि पेश भएका सुझावहरुले विद्यालय शिक्षा माथिको दफावार छलफललाई प्रभावकारी बनाउने दिशामा टेवा पुर्याउने देखिन्छ।

नेपालको विद्यालय शिक्षाको सुधारका लागि नीति, योजना, र तिनको प्रभावकारी कार्यान्वयन एकसाथ अघि बढाउन जरुरी छ। अहिलेको चुनौतीलाई अवसरमा बदल्दै गुणस्तरीय र पहुँचयुक्त शिक्षाको लक्ष्य प्राप्त गर्न सरकार, गैरसरकारी संस्था, र आम नागरिकबीचको समन्वय आवश्यक छ। केवल यसबाट मात्र नेपालले शिक्षाको क्षेत्रमा दिगो विकासको यात्रा तय गर्न सक्नेछ। विद्यालय शिक्षामा समान पहुँच, गुणस्तर, र प्राविधिक क्षमताको अभिवृद्धि भएमा, नेपाली समाजले सामाजिक र आर्थिक उन्नतिको नयाँ युगमा पाइला राख्न सक्ने देखिन्छ।

## ४.२ सुझाव

नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालय शिक्षा विधेयकमा निम्नानुसार ध्यान दिनुपर्ने देखिन्छः

- **नीति तथा व्यवस्थापकीय सुधारः** शिक्षक नियुक्ति, सरुवा, र बढुवामा स्पष्ट मापदण्ड र प्रक्रियाको विकास, गोल्डेन ह्यान्डशेकमार्फत अस्थायी शिक्षकहरूको व्यवस्थापन र पालिका र प्रदेशलाई शिक्षक व्यवस्थापन र अनुगमनको अधिकार दिने
- **शिक्षाका लागि समुदायको भूमिका सुदृढ पार्नेः** अभिभावक र समुदायका प्रतिनिधिहरूलाई विद्यालय व्यवस्थापन समितिमा संलग्न गराउने, सामुदायिक विद्यालयहरूको लागि विशेष योजना बनाउँदै समुदायलाई प्रेरित गर्ने
- **शिक्षाका गुणस्तर सुधारका उपायः** पाठ्यक्रम सुधार, स्थानीय भाषा, तथा प्रविधिमैत्री शिक्षालाई प्राथमिकता, सैद्धान्तिक शिक्षाभन्दा व्यवहारिक र सीपमूलक शिक्षालाई प्रोत्साहन, शिक्षकका लागि तालिमको व्यवस्था गर्ने
- **वित्तीय व्यवस्थापन र स्रोतको वितरणः** विद्यालयलाई दिइने अनुदानको वितरण प्रणालीलाई सरल र पारदर्शी बनाउने, निजी विद्यालयहरूको लागि मापदण्ड र नियमन सशक्त बनाउने
- **शिक्षामा एकरूपता र सहकार्यः** संघ, प्रदेश, र स्थानीय तहबीचको जिम्मेवारीको स्पष्टता र सहकार्य, विद्यालय शिक्षा सम्बन्धी राष्ट्रिय मापदण्डहरूको रुपमा यस विधेयकलाई विकास गर्ने

- **विद्यालयको संरचना र पूर्वाधार विकासः** सबै विद्यालयमा आधारभूत भौतिक पूर्वाधार सुनिश्चित गर्ने र अनावश्यक विद्यालयहरूको मर्जर र व्यवस्थापन गर्ने
- **विद्यार्थीका लागि विशेष कार्यक्रमः** १२ कक्षासम्म अध्ययन गरेपछि सीपमूलक तालिम वा रोजगार सुनिश्चित गर्ने कार्यक्रम, विद्यार्थीहरूलाई छात्रवृत्ति तथा अतिरिक्त क्रियाकलापहरूमा संलग्न गराउने।
- **अनुगमन र जवाफदेहितामा ध्यानः** विद्यालयहरूको नियमित अनुगमन गर्ने प्रभावकारी संरचनाको निर्माण र शिक्षकहरूको मूल्याङ्कन नतिजाका आधारमा गर्ने प्रणाली लागू गर्ने ।
- **प्राविधिक र व्यावसायिक शिक्षाः** विद्यालय तहबाटै व्यावसायिक र सीपमूलक शिक्षा प्रणाली लागू गरिनुपर्छ । डिजिटल शिक्षण र अनलाइन शिक्षा कार्यक्रम विस्तार आवश्यक छ
- **लैंगिक र क्षेत्रीय समानताः** छात्रा तथा विकट क्षेत्रका विद्यार्थीका लागि विशेष सहुलियत कार्यक्रम संचालन गरिनुपर्छ । शिक्षामा लैंगिक समानताका लागि वातावरणीय सुविधा उपलब्ध गराउनु आवश्यक छ ।
- **शिक्षकहरूको व्यवस्थापन र प्रोत्साहनः** शिक्षक सेवा आयोग मार्फत योग्य शिक्षकको भर्ना प्रकृया अपनाई उनीहरूको क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्छ ।
- **स्थानीयकरणः** स्थानिय आवश्यकता र सन्दर्भअनुसार पाठ्यक्रमको विकास गरी लागू गरिनुपर्छ। स्थानीय सरकारलाई बढी जिम्मेवार र उत्तरदायी बनाउनु आवश्यक छ ।
- **दिगो वित्तीय लगानीः** सार्वजनिक शिक्षा प्रणालीमा दीर्घकालीन लगानी वृद्धि आवश्यक छ ।निजी क्षेत्रको लगानीलाई संरक्षण गरी निजी विद्यालयहरुको व्यवस्थापनमा गरिनुपर्छ ।
- **टेक्नोलोजीको उपयोगः** विद्यालय शिक्षामा कृत्रिम बुद्धिमत्ता, ब्लेन्डेड लर्निङ, र भर्चुअल रियलिटीजस्ता प्रविधि प्रयोग गरी शिकाईलाई बढावा दिनुपर्छ ।
- **अनुसन्धात्मक पहलः** विद्यालय शिक्षाको प्रभावकारिता मापन गर्न अनुसन्धान र तथ्याङ्क संकलनमा जोड दिने व्यवस्था गरिनुपर्छ ।

## अनुसूची १
## कार्यक्रमका सहभागी

- शिक्षा, विज्ञान तथा सूचना प्रविधि मन्त्री
- प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलका प्रमुख सचेतकहरु
    - माननीय सदस्य महेश बर्तौलाको तर्फबाट माननीय सदस्य योगेश भट्टराई
    - माननीय सदस्य श्यामकुमार घिमिरे, प्रमुख सचेतक, नेपाली कांग्रेस
    - माननीय सदस्य हितराज पाण्डे, प्रमुख सचेतक, नेकपा (माओवादी केन्द्र)
    - माननीय सदस्य ज्ञानबहादुर शाही, प्रमुख सचेतक, राष्ट्रिय प्रजातन्त्र पार्टी
    - माननीय सदस्य सन्तोष परियार, प्रमुख सचेतक, राष्ट्रिय स्वतन्त्र पार्टी
    - माननीय सदस्य रेखा यादव, प्रमुख सचेतक, जनता समाजवादी पार्टी, नेपाल
- समितिका माननीय सभापति सहित माननीय सदस्यहरु
- शिक्षा, विज्ञान तथा सूचना प्रविधि मन्त्रालयका सचिव
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि
- NFPPD का पदाधिकारी तथा कर्मचारी,
- संघीय संसद सचिवालयका कर्मचारी,
- विभिन्न संचार गृहबाट उपस्थित पत्रकार

अनुसूची २

विज्ञको प्रस्तुतीकरणका स्लाइड







नाफा, लगानी र शिक्षा
मेरो लगानी खै?
क्षतिपूर्ति दिनुपर्दैन?
संस्था निर्माण र व्यक्तिगत नाफा?
Verger, A., Steiner-Khamsi, G., & Lubienski, C. (2020). The emerging global education industry: Analysing market-making in education through market sociology. In *Globalisation and Education* (pp. 179-194). Routledge.


शिक्षामा निजिकरण – भ्रमहरू
सरकारले सक्दैन
श्रोत छैन
जिम्मा कसैले लिदैन
निजि राम्रो हुन्छ
निजि 'ग्लोबल' हो
Sharma, P. (2024). Privatization in Education: Myths versus Reality in the Nepalese Context. *International Research Journal of MMC*, *5*(4), 187-196.


शिक्षामा निजिकरण मौलाउने आधारहरू
लबि समुहहरूको प्रभाव
नियमनबिहिनता
खराब सार्वजानिक सेवा
Yoon, E. S., & Winton, S. (2020). Multiple privatisations in public education: Issues, theories, and conversations. *Journal of Educational Administration and History*, *52*(1), 1-8.


निजिकरणका फाइदाहरू
सेवामा प्रभावकारीता देखिने
पैसा तिर्न सक्नेले बिशेष फाइदा लिन सक्ने
राज्यलाई हाइसन्चो
Draxler, A. (2020). Education for all open for business? Public goods vs. private profits. In *Grading Goal Four* (pp. 156-169). Brill.


ब्यक्ति केन्द्रित निजिकरणका हानी-नोक्सानी
नाफा केन्द्रित सोच
मुल्य-मान्यतामा बजारको प्रभाव
संस्था बिकास भन्दा ब्यक्तिगत आर्जनमा जोड
Baltodano, M. (2023). Neoliberalism and the demise of public education: The corporatization of schools of education. In *Neoliberalism and education* (pp. 78-98). Routledge.

## कस्तो निजि ठिक होला त?

समाज-केन्द्रित → नाफा नबाँड्ने → सँस्थाको निरन्तरताको ग्यारेण्टी

Cone, L., & Brøgger, K. (2020). Soft privatisation: Mapping an emerging field of European education governance. *Globalisation, societies and education*, *18*(4), 374-390

## यस्तो निजि हुन्छ त?

- धेरै जसो भारतका पुराना बिद्यालयहरू यस्तै हुन्।
- चिनमा कडा नियम छ र कुनै पनि बेला सरकारले राष्ट्रियकरण गर्न सक्छ।
- यूरोपमा ब्यक्तिको निजि स्कूल छैन।
- अष्ट्रेलियामा नियमन छ र धेरै जसो संस्थाहरूले नै सन्चालन गर्छन्।
- गरीब र तेस्रो बिश्वका देशहरूमा नाफा ब्यक्तिहरूले बाड्ने स्कूल सन्चालनमा छन्।

Edwards Jr, D. B., Moschetti, M. C., & Caravaca, A. (2022). *Globalization, privatization, and the State: Contemporary education reform in post-colonial contexts*. Routledge.

## निजि र सार्वजानिकको मिलन बिन्दु छ त?

- निजि बिद्यालयको सम्पति बिद्यालयकै हुने।
- निरन्तरताको ग्यारेण्टी हुने
- सरकारी सरह सेवा सुविधा दिनु पर्ने, न्यूनतम पाठ्यक्रममा एकरूपता हुनुपर्ने

## “राम्रा” निजिको आर्थिक पक्ष




Edwards Jr, D. B., Moschetti, M. C., & Caravaca, A. (2022). *Globalization, privatization, and the State: Contemporary education reform in post-colonial contexts*. Routledge.

## बिभिन्न मुलुकमा बिद्यालय शिक्षा

| देश | सरकारी | निजि |
|---|---|---|
| नर्वे | राम्रो गुणस्तर, करिब ९७% | अन्तर्राष्ट्रिय पाठ्यक्रम, धार्मीक, ३% |
| फिनल्याण्ड | राम्रो गुणस्तर, करिब ९९% | ठिकै गुणस्तर, करिब १% |
| नामीबिया | करिब ९०% | करिब १०% |
| इथियोपिया | करिब ९५% | करिब ५% |
| भियतनाम | करिब ९५% | करिब ५% |
| मङ्गोलिया | करिब ९६% | करिब ४% |
| चिन | करिब ९१% | करिब १०% |
| नेपाल | करिब ८०% | करिब २०% |
| भारत | करिब ८०% | करिब २०% |

**UNESCO, 2018, 2020, 2022**

## सार्वजानिक शिक्षाः के हो त?




Baltodano, M. (2023). Neoliberalism and the demise of public education: The corporatization of schools of education. In *Neoliberalism and education* (pp. 78-98). Routledge.


सार्वजानिक शिक्षाः ब्यापकता र बिबिधता
सिकाईको बहुपक्षिय रूप र बिबिधता प्रति 'सकारात्मक'
नेपाली बिबिधताको संरक्षण र बिकासमा सहायक
शिक्षालाई ब्यापक (बिः संकुचन) बनाउने अभिप्राय
Dee, T. S., Huffaker, E., Phillips, C., & Sagara, E. (2023). The revealed preferences for school reopening: Evidence from public-school disenrollment. American Educational Research Journal, 60(5), 916-940.


सार्वजानिक शिक्षाः बिरोधि मतहरू
राज्यको पैसा धैरै खर्च हुने, अप्रभावकारी
राज्यले कमै मात्र छान्न दिने
ढिलो परिवर्तन हुने
नवप्रवर्तनमा कम ध्यान नदिने
Paglayan, A. S. (2022). Education or indoctrination? The violent origins of public school systems in an era of state-building. American Political Science Review, 116(4), 1242-1257.


अध्ययनहरूले के कस्ता प्रश्न गर्छन त?
सार्वजानिक शिक्षा कति सार्वजानिक छ त वा नाम मात्रैको पो छ कि?
शिक्षक तयारीको अवस्था के छ? शिक्षक कसरी तयार गरिन्छन् त?
विद्यालयलाई आवश्यक सहयोग दिन सकिएको छ त?
पुस्तकालय र शैक्षिक सामाग्री छन त?
शिक्षणका लागि सहयोगीहरू छन् त?

## राम्रो सार्वजानिक बिद्यालय




## सार्वजानिक बिद्यालयः यसै ठिक हुन्छन् त?




Thanh, S. D., Hart, N., & Canh, N. P. (2020). Public spending, public governance and economic growth at the Vietnamese provincial level: A disaggregate analysis. *Economic Systems*, *44*(4), 100780.

## सार्वजानिक शिक्षा सुधारका पक्षहरू




Khanal, J., Perry, F., & Park, S. H. (2020). Leadership practices of principals of high-performing community high schools: Evidence from Nepal. *Educational Management Administration & Leadership*, *48*(6), 1026-1045.

## उत्तरदायित्व र जिम्मेवारी




Sharma, M (2017). School management practices through an interpretive lens: Cases of high performing community schools of. Nepal. Unpublished PhD Thesis, Kathmandu University

## श्रोतको समतामूलक बर्गीकरण




Lohani, S., Singh, R. B., & Lohani, J. (2010). Universal primary education in Nepal: Fulfilling the right to education. *Prospects*, *40*(3), 355-374.

## शिक्षकहरूको निरन्तर सिकाई




Shah, D. B., & Bhattarai, P. C. (2023). Factors contributing to teachers' self-efficacy: a case of Nepal. *Education Sciences*, *13*(1), 91.

## सन्चालन पद्दति के हो त?

व्यवस्थान समिति ले के गर्ने? → प्रअसँग के कस्तो सम्बन्ध हुने? → दैनिक प्रशानको हिसावले सार्वजानिक बिद्यालय कसको हो?

Headteacher's role clarity is needed... (Field, 2023)

## सार्वजानिकले निजिबाट सिक्ने के हो?

समय र श्रोतको प्रभावकारी व्यवस्थापन → सन्चालनको बिधि र पद्दतिमा निश्चितता → राम्रो गर्नुपर्छ भने चाह

Shreshtha, 2001

## निजिले सार्वजानिकबाट सिक्ने के हो?




Khanal et al, 2017

## निजिले के गर्न सक्छ?

**व्यक्ति केन्द्रित निजिलाई सँस्थागत बनाउने।** → हर-हिसाव सँस्थाको बनाउने र सार्वजानिक गर्ने। → अक्षयकोष र नाफारहित संस्थाको अवधारणामा सन्चालन गर्ने। → शिक्षक र कर्मचारीको तलब ब्यवस्था राज्यले तोकेअनुरूप गर्ने, सामाजिक सुरक्षा वा उपादानको ब्यवस्था गर्ने

**TN Uprety Center, Discussions, 2014**

## यसरी नै-

**निजि-सार्वजानिक सहकार्य गर्ने "सहकारी" मोडल हुन्छ त?**

- निजिलाई माथि भनिएको जस्तै संस्थागत स्वरूपमा ल्याएपछि हुन्छ।
- अहिले कतिपय पालिकामा गरिएको "सार्वजानिक" मर्जर गरेर निजिलाई ठाऊँ दिने तरीका ठिक हुदैन।
- सन्चालनका मोडलहरूमा सिक्न सकिन्छ तर सार्वजानिक निजिलाई जिम्मा लगाउने हो भने देशका सबै अंगहरू पनि कर्पोरेट हाउसलाई बुझाए भयो।

## ब्यक्तिगत निजिलाई संस्थागत बनाउने मोडल

| PPP Model | Voucher System | Charter School | Nationalization | Community/ Trust Schools |
|---|---|---|---|---|
| ऐनले बाध्य पार्ने, अघि भनेको जस्तै ट्रष्टमा रुपान्तरण गरेपछि यो मोडेलले काम गर्छ। | सार्वजानिक मै श्रोत नपुगेको बेला यो सम्भव छैन। | सरकारले पैसा दिएर स्वतन्त्र रुपले सन्चालन गर्न दिने मोडल नेपालमा तत्काल सम्भव छैन। | यसमा पनि तत्काल सम्भव देखिन्न। केहि प्रतिशत- १०% सम्म – निकै रचनात्मक संस्थागत निजि राख्दा सार्वजानिकलाई राम्रो गर्न प्रेसर हुन्छ। | मैले अगाडी भनेको मोडल। धेरै बिकसित र बिकासशिल देशले अपनाएको मोडल। |

Blatt, B., Bogdan, R., Biklen, D., & Taylor, S. (1977). From institution to community: A conversion model. *Educational programming for the severely and profoundly handicapped*, 40-52.

## जिम्मेदारी

| देश | के गर्छन त |
|---|---|
| जापान, फिनल्याण्ड, स्वीडेन, नर्वे डेनमार्क, | यी देशहरूमा स्थानीय निकायहरूले विद्यालय शिक्षा व्यवस्थापन गरेर स्थानीय आवश्यकताहरू र प्राथमिकताहरूलाई ध्यानमा राखेर शिक्षा प्रणालीलाई अनुकूलन गर्न मद्दत गर्छन्। |
| अमेरीका, भारत चिन लगायत करिब ६० मुलुकहरू | स्थानिय, प्रान्त र केन्द्रको संयुक्त जिम्मेवारीको रूपमा देखिन्छ। भारतमा प्रदेश र स्थानियको जिम्मेवारी बढी देखिन्छ। चिनमा प्रदेश र पालिकाहरूको बढी जिम्मेवारी छ। |

**UNESCO and Unitwin sources, 2001, 2013, 2020**

## प्रस्तावित बिधेयक

- निजीलाई के गर्ने?
- श्रोतको ब्यवस्थापन कसरी गर्ने?
- शिक्षक छनौट, नियुक्ति, र निवृत्तिभरण कसले गर्ने?
- स्थानिय सरकारको क्षेत्रमा पुनर्भाषित गर्दा के हुन्छ?
- स्कूल सन्चालनको बिधि के हो?
- प्रधानाध्यापकको सेवा र सर्त?
- बाल बिकास, आधारभूत र माध्यामिक सँगठन सँरचना के हो?
- ट्रेड युनियन के गर्ने? राजनितिलाई के गर्ने?
- बिद्यालय शिक्षाका धारहरू
- अन्य

## निजीलाई के गर्ने?

नियमन → गुठिकरण → रचनात्मकता र उन्नयनमा जोड

## शिक्षक छनौट, नियुक्ति, र निवृत्तिभरणको ब्यवस्था कसले गर्ने?

- प्रदेश र सँघमा शिक्षक सेवा आयोग?
- नियुक्ति प्रदेशले दिने?
- स्थानियले ब्यवस्थापन गर्ने ?
- श्रोत परिचालन संघले गर्ने?

## स्थानिय सरकारको क्षेत्रमा पुनर्भाषित गर्दा के हुन्छ?

स्थानिय पाठ्यक्रम → शिक्षक नियुक्ति → मर्जर → सरूवा


बिद्यालय सन्चालनको बिधि के हो?
दैनिक प्रशासन?
श्रोतको खोजी गर्ने संरक्षण समिति पो भन्ने कि?
व्यवस्थापन समिति कस्को संयोजकत्वमा?
प्रअलाई कति अधिकार?


प्रधानाध्यापकको सेवा र सर्त?
आवधिक?
कसलाई रिपोर्टिङ्ग गर्ने?
अधिकार क्षेत्र कति?

## बाल बिकास, आधारभूत र माध्यामिक बिद्यालय सँगठन सँरचना के हो?

बाल बिकास संगठन संरचनामा ल्याउने?

कक्षा दश सम्मलाई कि त १२ मा पुर्याउने कि त ८ सम्म झार्ने?

बाल बिकास र १-३ चल्ने बिद्यालय र ४-१२ चल्ने छुट्याउने?

## ट्रेड युनियनलाई के गर्ने? राजनितिलाई के गर्ने?

ट्रेड युनियन – चाहिन्छ तर यसले युनियनको अवधारणामा काम गरोस?

राजनितिक पार्टीमा साँगठानिक आबद्धत- छोड्न लगाऔं?

शिक्षा र राजनिति अलग बिषय अलग हैनन् तर पार्टीकरण र राजनितिकरण नगरौ?

## बिद्यालय शिक्षाका धारहरू




## अन्य - मूल्याङ्कन-परीक्षणको अधिकार र दायित्व

कक्षा ११ सम्म शिक्षक र बिद्यालयलाई जिम्मेवार बनाउने

कक्षा ८ मा स्थानिय स्तरमा गरे हुन्छ र बेला-बेलामा केहि बिषहरूको राष्ट्रिय स्तरमा मापन गरे हुन्छ

कक्षा १० को सि आवस्यक छैन। १२ को राष्टिय स्तरको गर्ने

## अन्य - पाठ्यक्रम, तालिम, अनुसन्धान र परीक्षालाई प्राधिकरणमा लैजाने

अहिलेको कर्मचारीतन्त्रमा प्राबिधिक काममा रुची छैन र दक्षता पुग्दैन।

पाठ्यक्रम र परीक्षा यौटै निकाय हुनसक्छ। तालिमको छुट्टै र अनुसन्धानको छुट्टै हुनु पर्छ।

केहि प्रशासन तर धेरै सम्बन्धित क्षेत्रको बिज्ञता

## अन्य - बिद्यालय शिक्षा खण्डित नगर्ने

- १२ सम्मको नियमित सिकाई यौटै प्रकृयाबाट
- अरितिक, अनियमित, सिपकेन्द्रित छोटा आदीको छुट्टै ब्यवस्था
- प्राबिधिक धार लगायत सबैको परीक्षा एकै निकायबाट

## अन्त्यमा-

- श्रोत नपुगेकै हो?
- भएको श्रोतको सदुपयोग नभएकै हो?
- बिश्वास कसरी आर्जन गर्ने?

## अनुसूची ३

## कार्यक्रम तालिका

**विद्यालय शिक्षा विधेयकका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम**

**२०८१ मंसिर २५ गते / होटेल बसेरा बुटिक**

| कार्यक्रम | समय |
|---|---|
| रजिष्ट्रेशन तथा ब्रेकफास्ट | विहान ७:४५ |
| हल प्रवेश | ८:५५ |
| **आसन ग्रहण**<br>• माननीय सभापति अम्मर बहादुर थापा<br>• माननीय मन्त्री विद्या भट्टराई<br>• माननीय प्रमुख सचेतक/माननीय सचेतक<br>• माननीय सदस्य<br>• संघीय संसद सचिवालयका महासचिव, सचिवालय सचिव, मन्त्रालय सचिव<br>• विषयविज्ञ, पत्रकार लगायत उपस्थित सम्पूर्ण महानुभाव | |
| **स्वागत तथा कार्यक्रमको उद्देश्यबारे प्रकाश**<br>• माननीय सदस्य देवेन्द्र पौडेल | ९:००-९:१० |
| **अबको विद्यालय शिक्षा**<br>• प्रा. डा. बालचन्द्र लुइटेल डिन, स्कूल अफ एकजुकेशन, काठमाडौं विश्वविद्यालय | ९:१०-१०:३० |
| चियाब्रेक | १०:३०-१०:४५ |
| **सामूहिक छलफल** | १०:४५-११:३० |
| चिया ब्रेक | ११:३०-११.४५ |
| **विद्यालय शिक्षा विधेयकका सम्बन्धमा प्रमुख सचेतकको धारणा**<br>• माननीय प्रमुख सचेतक हितराज पाण्डे, नेकपा माओवादी केन्द्र<br>• माननीय प्रमुख सचेतक महेश कुमार बर्तौला नेकपा एमाले<br>• माननीय प्रमुख सचेतक श्यामकुमार घिमिरे, नेपाली काँग्रेस<br>• माननीय प्रमुख सचेतक सन्तोष परियार, राष्ट्रिय स्वतन्त्र पार्टी<br>• माननीय प्रमुख सचेतक ज्ञानबहादुर शाही, राष्ट्रिय प्रजातन्त्र पार्टी<br>• माननीय प्रमुख सचेतक मेटमणि चौधरी, नेकपा (एकीकृत समाजवादी)<br>• माननीय प्रमुख सचेतक विरेन्द्र प्रसाद महतो, जनता समाजवादी पार्टी<br>• माननीय प्रमुख सचेतक रेखा यादव, जनता समाजवादी पार्टी, नेपाल<br>• माननीय प्रमुख सचेतक रामप्रकाश चौधरी, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | ११:४५- १:१५ |
| **विद्यालय शिक्षा विधेयकका सम्बन्धमा मन्त्रालयको अपेक्षा र प्रतिवद्दता**<br>• शिक्षा, विज्ञान तथा प्रविधि माननीय मन्त्री विद्या भट्टराई | १:१५-१:२५ |
| **धन्यवाद सहित कार्यक्रमको समापन**<br>• माननीय सभापति अम्मर बहादुर थापा | १:२५ -१.३५ |

## अनुसूची ४
## अन्तर्क्रिया कार्यक्रमका केही झलक






शिक्षामा निजिकरण - भ्रमहरू
निजि 'ग्लोबल' हो
निजि राम्रो हुन्छ
जिम्मा कसैले लिदैन
Sharma, P. (2024). Privatization in Education: Myths versus Reality in the Nepalese Context. *International Research Journal of MMC*, *5*(4), 187-196.





